# प्रथम राष्ट्रिय आर्थिक गणना २०७५
# पाइलट सर्वेक्षण २०७४ सञ्चालन भइरहेको सूचना

देशको आर्थिक क्रियाकलापहरुलाई मुल्यांकन गर्न र यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्यांकको आवश्यकता हुन्छ । दिगोरुपमा आर्थिक तथ्यांकहरु नियमित रुपमा उपलब्ध गर्न देशमा आर्थिक तथ्यांक प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले सबै उद्योग, व्यवसाय प्रतिष्ठानहरु जस्ता आर्थिक इकाईहरुको बिवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्य रहेको छ । यसै सन्दर्भमा केन्द्रीय तथ्यांक विभागले विक्रम सम्बत २०७५ साल वैशाखमा नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्ने कार्यक्रम रहेकोछ । यस परिप्रेक्षमा आर्थिक वर्ष २०७३/७४ मा आर्थिक गणनाको तयारीको सिलसिलामा यहि २०७४ वैशाख ०१ गते देखि जेष्ठ १६ सम्म देशको विभिन्न जिल्लाहरुका छानिएका साविक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँ विकास समितिका केही वडाहरुमा परीक्षणको रुपमा पाइलट सर्वेक्षण सञ्चालन गर्न लागिएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि अनुरोध छ ।

नेपालको तथ्यांकीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका अलावा अनलाइन सर्वेक्षण (e-census) मार्फत उत्तरदाताले आफ्नो व्यवसायको बिवरण आफै भर्न सक्ने र गणक मार्फत ट्याब्लेट कम्प्युटर प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइने छ । अनलाइन मार्फत (www.ecensus.cbs.gov.np) मिति २०७४ वैशाख १ गते देखि १७ गते सम्म उत्तरदाता आफैले विवरण भर्न सकिनेछ । यस आर्थिक गणनाको पाइलट सर्वेक्षण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सबै सरोकारवाला निकायहरु र सम्पूर्ण नागरिकहरुको सहयोग तथा सदभाव रहने केन्द्रीय तथ्यांक विभागले अपेक्षा तथा विश्वास लिएको छ । यसका साथै तथ्यांक ऐन २०१५ अनुसार व्यवसायको संकलित विवरणहरु गोप्य रहने र केवल सामूहिक तथ्यांकीय प्रयोजनका लागि उपयोग हुने कुरा उत्तरदातामा यस विभाग विश्वास दिलाउन चाहन्छ । यस पाइलट सर्वेक्षणमा गणना गर्न आउने कर्मचारीहरुलाई सही विवरण दिई सहयोग गर्नुहुन सबैमा अनुरोध छ ।

नेपाल सरकार
केन्द्रीय तथ्याङ्क विभाग

*"दिगो आर्थिक विकासको आधारका लागि आर्थिक गणना"*